# सिमाना मुक्तक सङ्ग्रहमा समसामयिकता

महेन्द्र वाग्ले
उपप्राध्यापक, नेपाली
महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, नेपाल
E-mail: sajalwagle@gmail.com

**Submission:** 10/02/2023 **Revision:** 20/03/2023 **Acceptance:** 10/04/2023

**लेखसार**

यस लेखमा महानन्द ढकालद्वारा लिखित सिमाना मुक्तक सङ्ग्रहमा समसामयिक विषयवस्तुलाई समेटिएको छ । समसामयिकताले तत्क्षण र वर्तमानको सन्दर्भ भएकाले त्यससँग सम्बद्ध विषयहरूले यस आलेखमा स्थान पाएका छन् । मूलतः समसामयिकताले पचास वर्षको अवधिलाई समेटने विद्वान र विदुषीहरूको मतका आधारमा ढकालका मुक्तकमा २०४६ सालदेखि हालसममका सामाजिक विसङ्गति र विकृति, जीवनको यथार्थता, राज्यव्यवस्थाका कमजोरी, जनताको दुःख, दमन र शोषणमा रहेको मानसिक तनाव, सिमाको अतिक्रमण, नारी संवेदना, विद्रोहको स्वर, मानवीयताका विषयहरू यसमा समेटिएको छ । तसर्थ यो मुक्तक सङ्ग्रहमा रहेका मुक्तकहरू समसामयिक लेखनको एक उत्कृष्ट नमूनाको रूपमा मूल्याङ्कनका लागि योग्य रहेका छन् । यसमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलनका लागि पुस्तकालयीय पद्धति उपयोग गरिएको छ र समसामयिकतासँग सम्बन्धित सैद्धान्तिक ढाँचा तयार गरेर निगमन विधिबाट मुक्तकहरूको विश्लेषण गरिएको छ । यस आलेखमा महानन्द ढाकालको सिमाना मुक्तक सङ्ग्रहमा समसामयिक विषयवस्तुमा मूलतः राष्ट्रियता, राजनैतिक व्यवस्था, प्रतिकारको स्वर र विद्रोह, जीवन र यथार्थता, स्वधीनता र स्वतन्त्रताका पक्षहरूले स्थान पाएका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुन्जी* : राष्ट्रियता, स्वधीनता, विद्रोह, दमन, समकालीन ।

## १. विषयपरिचय

कृतिकार महानन्द ढकाल नेपाली साहित्यको क्षेत्रमा मुक्तककारका रूपमा परिचित हुनुपूर्व गजलकारका रूपमा परिचित नाम हो । उनले मुक्तकहरू २०५२/२०५३ सालदेखि नै सुनाउँदै आए पनि मुक्तकसङ्ग्रहका रूपमा यो सिमाना पहिलो कृति हो । उनलाई मुक्तक मात्र नभएर नेपालगन्जमा स्थानीय पत्रिकाको दबदबा हुँदा र उनले प्रमाणपत्र तहको अध्ययन गर्दाको बखतमा उनका गजलहरूले उनलाई परिचित गराइसकेका थिए । उनको *खण्डित आत्मा* (२०५८ गजलसङ्ग्रह), *उस्तैउस्तै नदीका उस्तैउस्तै छालहरू* (२०६० गजलसङ्ग्रह), *अव्यक्त प्रत्यासा* (२०६३ गजलसङ्ग्रह) र *घाम उदाए* (२०६८ हाइकुसङ्ग्रह), *बेसुलो* (२०७६ कवितासङ्ग्रह), सिमाना (२०७७ मुक्तकसङ्ग्रह) ब्रुहान (२०७९ उपन्यास) आदि प्रकाशित भइसकेका छन् । यीबाहेक नियात्रा, कथा, गीत, समीक्षा, मुक्तकजस्ता साहित्यका अन्य विधामा पनि उनले कलम चलाएका छन् ।

मुक्तक आकार, प्रकार, स्वरूप, पद्धति तथा प्रवृत्तिका आधारमा सङ्क्षिप्त हुन्छ । यसमा प्रस्तुत गरिएको एक अनुच्छेदले पूर्ण काव्यिक अभिव्यक्ति प्रदान गर्दछ, एक आवृत्तिको भई आफैंमा पूर्ण अर्थ प्रदान गर्न सक्षम मुक्तक खिरिलो, चोटिलो र बोधगम्य हुनु यसको विशेषता हो । यसमा भाव र विचारलाई विस्तार नगरी मितव्ययी र सारगर्भित पदावलीको प्रयोग गरिन्छ । शब्दचमत्कारसहित भाव र विचारको खण्डचित्र यसमा प्रस्तुत भएको हुन्छ भने लयको पनि संयोजन गर्न सकिन्छ । मुक्तक गजलकै लघु रूप हो । मुक्तक साहित्यको एउटा विधाका रूपमा लिइन्छ र यसलाई स्वतन्त्र विधाका रूपमा मानिन थालिएको छ । मुक्त रूपमा आफना भाव र अभिव्यक्ति

पोख्ने साहित्यिक विधा नै मुक्तक हो तर यसमा गजल जस्तो असिमित हरफ राख्न मिल्दैन । मुक्तकमा बढीमा पनि चार र घटीमा पनि चार हरफ नै हुनुपर्छ । तेस्रो हरफ स्वतन्त्र हुन्छ भने बाँकी हरफमा काफिया मिलेको हुनुपर्छ (https://ne.wikipedia.org/wiki/) । समग्रमा मुक्तक भन्नाले पाठकलाई चमत्कृत शैलीमा आफैमा पूर्ण अर्थ प्रदान गर्न सक्ने कविताको लघु स्वरूपलाई जनाउँछ ।

नेपाली मुक्तकको इतिहासलाई नेपाली कविताको इतिहाससँग सम्बन्धित बनाएर अध्ययन गरिएको पाइन्छ । नेपाली मुक्तकको लेखनमा नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०)अन्तर्गत १८३९ सालमा शक्तिबल्लब अर्यालको *तनहुँ भकुन्डो* शीर्षकका दुई श्लोक नै मुक्तकको आदिरचना मानिन्छ । त्यसैले नेपालका प्रथम कवि मानिएका सुवासनन्द दासकै समकक्षी शक्तिबल्लभ अर्याल नेपालका प्रथम मुक्तककार हुन् (नेपाल, २०७९) । त्यसपछि तत्कालीन समयका केन्द्रीय मुक्तककारका रूपमा मोतीराम भट्टलाई मानिन्छ । उनले मोतीमण्डलीको स्थापना गरी  समस्यापूर्तिका रूपमा आफ्ना मित्रहरूसहित मुक्तकहरूको लेखन र प्रकाशन गरेका हुन् (पराजुली, २०७१) । नेपाली कविताको विकाससँगै अगाडि बढेको मुक्तकको विकासक्रममा २०३० को दशकपछि मुक्तकको रचना प्रचुर मात्रामा पाइन्छ । मुक्तकको परम्परालाई योगदान दिने व्यक्तिहरूमा कृणप्रसाद पराजुली, भूपि शेरचन, हरिभक्त कुटवाल, मोहनहिमांशु थापा, धीरेन्द्र मल्ल, महेश प्रसाईं, सरूभक्त, अशेष मल्ललाई लिन सकिन्छ भने यसलाई अझ माथि उठाउने विशेष प्रतिभाका रूपमा वासु शशी, ज्ञानुवाकर पौडेल, ध्रुव मधिकर्मी आदि रहेका छन् । यसरी वर्तमानमा आइपुग्दा यो उत्तरोत्तर तिव्र र समृद्ध हुँदै आएको छ ।

साहित्य र साहित्यिक गतिविधिमा लामो समयदेखि क्रियाशील ढकालको पूर्णिमा साहित्यिक पत्रिका एवं मिसन टुडे राष्ट्रिय दैनिकको साहित्यिक सम्पादकको रूपमा साथै कोहलपुर टेलिभिजनबाट साहित्यमा पुऱ्याएको योगदानले मात्र उनलाई परिचित नगराई पूर्णिमा साहित्य प्रतिष्ठानमा अध्यक्षका रूपमा खेलेको भूमिका साथै त्यस क्षेत्रमा देखाइएको सक्रियताले पनि उनको परिचयलाई स्वतः स्थापित गरेको छ । साहित्यकारलाई परिचय गराउने विभिन्न पाटाहरू छन् । तीमध्ये परम्परागत रूपमा गर्ने साहित्यकारको जीवनी र परिवेश तथा क्षेत्रसँग सम्बन्धित रहेर गरिने कृतिको चर्चाले मात्र एक साहित्यकार र कृतिको मूल्याङ्कन पूर्ण हुन सक्दैन । यस अर्थमा साहित्यकारले गरेका क्षेत्रगत क्रियाकलापको पनि आफ्नै स्थान र महत्व नकार्न सकिँदैन, तर कृतिमा प्रयुक्त विषयले पनि अझ साहित्यकारको ओजमा कान्ति प्रदान गर्ने भएकाले उनको मुक्तक सङ्ग्रहमा समसामयिक विषयको अध्ययन गरिएको छ । समसामयिकता निकट, विशिष्ट घटनाहरूबाट प्रभावित समाज र विश्वको आर्थिक, समाजिक, राजनैतिक सम्बन्धको निरन्तरता हो । नेपाली साहित्यको विकासमा विशेष गरी २०४६ सालदेखि हालसम्मको समयका विचारहरूलाई समसामयिकतामा समेटिएर अध्ययन तथा विश्लेषण गर्ने परम्परा रहेको छ । ढकालको *सिमाना* मुक्तकसङ्ग्रह २०७७ सालमा प्रकाशित भएको र उनका मुक्तकहरूमा समसामयिक विषयवस्तुहरू समावेश भएको र प्राज्ञिक कार्यमा समेत थप योगदान पुऱ्याउन सक्ने हुनाले उनका मुक्तकहरूलाई सामयिकताका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

**२. समस्याकथन र उद्देश्य**

प्रस्तुत लेख *सिमाना* मुक्तकसङ्ग्रहमा समसामयिकता अध्ययन गर्नु एक महत्त्वपूर्ण विषय हो । मुक्तकहरूको अध्ययन र विश्लेषण पाश्चात्य र पूर्वीय साहित्य सिद्धान्त तथा तथा समालोचना प्रणालीका आधारमा हुँदैआएको छ । मुक्तकहरूको अध्ययन र विश्लेषण गर्ने क्रममा समसामयिकतालाई आधार बनाएर  समालोचना गर्ने र लेख तथा शोधकार्यहरू त्यति भएको पाइँदैन । साथै *सिमाना* मुक्तकसङ्ग्रहका मुक्तकहरूमा समसामयिकताका विषयहरू प्राप्त भएका र हालसम्म समसामयिकताको आधारमा ढकालका मुक्तकहरूको अध्ययन र विश्लेषण नभएको हुनाले यो अध्ययनीय विषय बनेको छ । त्यसैले यस लेखमा राष्ट्रियताको समावलमा, राजनीतिक व्यवस्थामा, प्रतिकारको स्वर र विद्रोहमा, जीवन र यथार्थतामा, स्वधीनता र स्वतन्त्रतामा

समसामयिकता केकस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रही समसामयिकताको अध्ययन गर्ने मुख्य उद्देश्यका साथ यो आलेख तयार गरिएको हो ।

**३. अध्ययनविधि**

प्रस्तुत अध्ययन समसामयिकताको आधारमा *सिमाना* मुक्तकसङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूको विश्लेषणमा केन्द्रित रहेको छ। मुक्तकहरूलाई अध्ययन र विश्लेषण गर्ने क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनको प्रमुख स्रोत पुस्तकालयलाई बनाइएको छ । लेख विश्लेषणको क्रममा प्राथमिक स्रोतको रूपमा *सिमाना* मुक्तकसङ्ग्रहलाई लिइएको छ भने द्वितीय स्रोतको रूपमा यस अध्ययनसँग सम्बन्धित लेख, समालोचना, शोधपत्र तथा विज्ञ व्यक्तित्वहरूका सुझावहरूलाई सामग्रीका रूपमा उपयोग गरिएको छ। यो अध्ययनमा समसामयिकताको विश्लेषण गर्दा राष्ट्रियताको समावलमा समसामयिकता, राजनीतिक व्यवस्थामा समसामयिकता, प्रतिकारको स्वर र विद्रोहमा समसामयिकता, जीवन र यथार्थतामा समसामयिकता, स्वधीनता र स्वतन्त्रतामा समसामयिकता शीर्षकमा विभाजन गरी समसामयिकतालाई केन्द्र बनाइएको छ । सोही आधारमा विश्लेषणको ढाँचा तयार गरी मुक्तकहरूको विश्लेषण गरिएको छ ।

**४. सैद्धान्तिक आधार**

समसामयिकको अर्थ वर्तमानको अर्थात आजको समयको विचार गर्नु भन्ने हुन्छ । वर्तमान सदैव पूर्वसन्दर्भमा आधारित हुन्छ र त्यसले भविश्यको रूपरेखा तयार गर्दछ। समसामयिक विषयमा कलम चलाउनका लागि स्रष्टाले आफ्नो वरपरको परिस्थिति, समाज, राजनीतिक विषय, आर्थिक अवस्था, घटनाक्रम, मानव र समाजको सम्बन्ध आदिका विषयमा जानकारी राख्नु आवश्यक छ । यी विषयहरूको सम्बधमा जानकारीले समसामयिक विषयलाई पहिल्याउन मदत गर्दछ । बिन्दु शर्मा (२०७४)ले समसामयिकता निकट, तात्क्षणिक र विशिष्ट घटनाहरूबाट प्रभावित व्यक्ति, समाज, संस्कृति, प्रविधि र व्यवस्थाको विचको अन्तर्सवादको निचोड हो भनेकी छन् (पृ. १३) । त्यसैले समयको निरन्तरतामा तत्कालीन समयको बोधलाई समसामयिकताले ग्रहण गरेको हुन्छ। हिन्दी शब्दकोशमा समसामयिकतालाई एउटै समयमा हुनेवाला तथा समकालिक भनेर परिभाषित गरिएको छ -https://educalingo.com/hi/dic-hi/_ । यसको अर्थ समसामयिकताले वर्तमानमा जोडिएका विषयहरूको केन्द्रियतालाई स्वीकार गर्दछ । त्यस्तै प्राज्ञ नेपाली बृहत् शब्दकोष (२०७९) मा एकै समयसित सम्बन्धित; समकालीन; वर्तमान भनेर जनाइएको छ। यस परिभाषाबाट पनि वर्तमानको समयसँग सम्बद्ध विषय समसामयिक साहित्य लेखनमा हुनुपर्ने सङ्केत प्राप्त भएको छ । त्यस्तै मार्क्सवादी दृष्टिमा समसामयिकता भनेको वस्तु र समाज बिचको अन्तर्द्वन्द्वलाई ऐतिहासिक सापेक्षतामा आँकलन गरिने सौन्दर्यसास्त्रीय सञ्चेतना हो (गौतम, २०५९, पृ.७९) । यसबाट पनि समसामयिकतामा वर्तमान समयका नवीन चेतनायुक्त विषयहरू समावेश हुने प्रस्ट हुन्छ । समसामयिकताले कति समयअवधिलाई समेटेको हुन्छ भन्ने विषयमा विद्वानहरूबिच मतैक्य छैन् । बिन्दु शर्मा (२०७५) ले समसामयिकतामा सामान्यतया पचास वर्षको समयावधि समेटिन्छ भनेकी छन् (पृ. १३) । यस आधारमा पनि साहित्यिक कृतिको अध्ययन बढीमा पचास वर्षको अवधिको सेरोफेरोमा मूल्याङ्कन गरिएका समसामयिकताको परिधिमा रहने देखिन्छ । समसामयिकता निकट, विशिष्ट घटनाक्रमबाट प्रभावित संस्कृति, समाज र विश्व व्यवस्थाको अन्तर्सम्बन्ध हो । यसमा समयको निरन्तरतामा तत्कालीन युगबोधको भूमिकालाई अपेक्षा गरिएको हुन्छ । यसलाई अत्यन्त गतिशील, चलायमान र तरल रूपमा लिइने समेत भएकाले वस्तु र समाजबीचको अन्तरसम्बन्धले पनि स्थान पाएको हुन्छ (वाग्ले, २०७८) । नेपाली साहित्यको सन्दर्भमा विशेषत: २०४६ सालपछिको नेपाली समाजको नयाँ सोच, सङ्घर्षशील समाज र समाज तथा राष्ट्रप्रतिको विचारलाई समसामयिकताले समेटेको हुन्छ । अतः यस आलेखमा यही समसामयिकतालाई आधार बनाएर महानन्द ढकालको *सिमाना* मुक्तकसङ्ग्रहको अध्ययन र विश्लेषण गरिन्छ ।

**५. अर्थापनको ढाँचा**

समसामयिकतालाई आधार मानेर समालोचना गर्न सकिने मुक्तकहरूमध्ये महानन्द ढकालको सिमाना मुक्तकसङ्ग्रह पनि एक हो । यसमा प्रस्तुत राष्ट्रिय र अन्तराष्ट्रिय आर्थिक, सामाजिक र राजनीतिक विषयहरूले मुक्तकहरूलाई उत्कृष्ट बनाएका छन् । यसमा समसामयिकताका दृष्टिले मुक्तकहरूलाई अध्ययन र विश्लेषण गर्नका लागि समसामयिकताका विषयसँग सम्बद्ध विषयहरूलाई पहिल्याई विश्लेषण गर्नका लागि निम्न अर्थापनको ढाँचा निर्माण गरिएको छ :

| ढाँचा क्रम | शोध्यप्रश्न | विश्लेषणको ढाँचा |
|---|---|---|
| (१) | *सिमाना* मुक्तक सङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूलाई समसामयिकताका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ? | (१) राष्ट्रियताको सवालमा समसामयिकता,<br>(२) राजनीतिक व्यवस्थामा समसामयिकता,<br>(३) प्रतिकारको स्वर र विद्रोहमा समसामयिकता,<br>(४) जीवन र यथार्थतामा समसामयिकता,<br>(५) स्वधीनता र स्वतन्त्रतामा समसामयिकता |

**६. सिमाना मुक्तकसङ्गहमा समसामयिकता**

समसामयिकता निकट, विशिष्ट घटनाक्रमहरूबाट प्रभावित संस्कृति, समाज र विश्व व्यवस्थाको अर्न्तसम्बन्ध हो । यसमा समयको निरन्तरतामा तत्कालीन युगबोधको भूमिकालाई अपेक्षा गरिएको हुन्छ । यसलाई अत्यन्त गतिशील, चलायमान र तरल रूपमा लिइने समेत भएकाले वस्तु र समाजबीचको अर्न्तसम्बन्धले पनि स्थान पाएको हुन्छ । मुक्तककार ढकालका मुक्तकहरूमा पनि समसामयिकताले अपेक्षा गरिएका विषयहरू हुनाले निम्न उपशीर्षका विभाजन गरी विश्लेषण गरिएको छ :

**(क) राष्ट्रियताको सवालमा समसामयिकता**

मानव सामाजिक प्राणी भएको हुनाले ऊ समाजमा बस्दछ । समाज समाज मिलेर राष्ट्र निर्माण भएको हुन्छ । राष्ट्र र राष्ट्रियताका विषयहरूले जनमानसलाई छोएको हुन्छ र त्यसै आधारमा मानवले आफ्नो पनको महसुस गरेर राष्ट्रप्रति आफ्नो जिम्मेवारी र कर्तव्य ठानेर क्रियाकलाप गरिरहेको हुन्छ । नेपाली राष्ट्रियताको विषय अति संवेदनशील विषय हो । नेपालीजातिको मूल पहिचान भनेको राष्ट्रप्रति श्रद्धाभाव, गौरवपूर्ण नेपाली इतिहासको गाथामा एकता समावेश हुनु हो । वर्तमान परिवेशमा यसलाई जगेर्ना गर्ने जटिल परिस्थितिको निर्माण भएको छ । निम्न र मध्यम वर्गीय नेपाली मानसिकता विदेशमा रहेको छ भने राष्ट्र तथा सरकारको भूमिका गौण रहेको अवस्था छ । यस्तो अवस्थामा मुक्तककार ढकाल समसामयिक राष्ट्रियताका विषयलाई नजिकबाट नियालेका छन् । उनका शब्दमा :

विदेशमा खुन पसिनाको लगानी कहिलेसम्म ?
ए सरकार ! बालुवामा पानी कहिलेसम्म ?
राष्ट्रले राष्ट्रिय नीति दिनै सकेन कहिल्यै
देशको छातीमाथि मनोमानी कहिलेसम्म ? (पृ. ६०)

मुक्तककारको विचार आमजनताको विचार र समसामयिक परिस्थितिको उपज हो । यसले सरकारको लगानीलाई एकातिर बालुवामा पानी भनेको सन्दर्भ यहाँ रहेको छ भने अर्को सन्दर्भमा नेपाली दाजुभाइ विदेशमा गएर गरेको कार्य राष्ट्रको विकास र प्रगतिमा बालुवामा पानीसरि भएको मान्दछन् । नेपालीको विदेशी भूमिमा कार्य गरेर प्रताडित भएको मानसिकतालाई राष्ट्रिय नीतिले सम्मान गर्न नसकेको हुँदा यसैको माध्यमबाट पनि सरकार र सरोकारवाला निकायलाई साङ्केतिक रूपमा खबरदारी गर्ने कार्य पनि गरेका छन् ।

नेपाली पन र नेपाली मनले राष्ट्र र राष्ट्रियतालाई सर्वोपरी राखेको हुन्छ । मानव तन जहाँ भए पनि नेपाली मन नेपालीपनले गौरवान्वीत भएको हुन्छ । नेपालीलाई जसरी आफ्नो राष्ट्र प्यारो लाग्दछ र नेपाली हुनुको

गौरव हुन्छ, त्यसरी नै नेपालमा बोलिने विभिन्न किसिमका भाषा, रीतिरिवाज परम्परा अनुसारको लगाउने पोषाक आदि पनि हाम्रो पहिचानको विषय हो । यी सबैको संरक्षण र संवर्द्धनको जीम्मेवारी हामी सबै नेपालीहरूमा आएको छ । यस्तो सन्दर्भमा मुक्तकका निम्न पङ्क्ति सान्दर्भिक रहेका छन् :

भाषा नबदलियोस्, हाम्रो भेष नबदलियोस्
नेपालीपन नबदलियोस्, परिवेश नबदलियोस्
सत्ता बदलियोस् संस्कार बदलियोस् केही छैन
नेपाली हुनु मै गर्व छ मलाई, देश नबदलियोस् । (पृ. ६६)

मुक्तककारलाई सत्ताप्रति मोह छैन तर देशप्रतिको आघात प्रेमले छोएको छ । समकालीन परिवेशमा सत्ता परिवर्तन ठूलो कुरा नभएको र सत्ताले मात्र राष्ट्रको गौरवलाई बोक्न नसक्नेतर्फ मुक्तककार सचेत रूपमा उक्त मुक्तकमा प्रस्तुत भएका छन् । उनी नेपालीपन, नेपाली परिवेश, भाषा, भेषका विषयमा अडिग भएर राष्ट्रका प्रमुख विषय रहेको र त्यसतर्फ सबैको ध्यानाकर्षण गर्न चाहन्छन् । यहाँ संस्कारको विषय सत्ताको साथमा आएको हुनाले सत्ताको खेल जसरी लाजमर्दो अवस्थामा पुगेको छ र अस्थिरता साथै सत्ता परिवर्तनको दिक्दारीले नेपाली मानसिकतालाई आघात पुऱ्याएको छ त्यस्तो कुसंस्कार पनि परिवर्तन अपेक्षा राखिएको छ । नेपाली सुसंस्कार रीतिरिवाज परम्पराहरू आफैमा गर्वको विषय भएपनि यहाँ सत्ताको सापेक्षतामा कुसंस्कारहरू पनि बललिएमा स्वीकार हुने र वर्तमान परिवेशमा अन्तराष्ट्रिय थिचोमिचोमा नेपाल परेको सङ्केत “देश नबदलियोस्” भन्ने आन्तरिक प्रेरणायुक्त विचारबाट प्रस्तुत भएको छ ।

**(ख) राजनैतिक व्यवस्थामा समसामयिकता**

नेपाल सानो राष्ट्र हुनुको साथै प्रकृतिक सुन्दरताले भरिपूर्ण देश हो । राष्ट्रमा विकासका ढोका खोल्ने असङ्ख्य सम्भावनाहरू रहेका छन् तर वर्तमान परिवेशमा नेपालको राजनैनिक व्यवस्थाले त्यसको सही दिशा निर्देश गर्न सकिरहेको छैन् । नेपाली जनताले चुनेर पठाएका प्रतिनिधिहरूले आफै ठूलो देखाउने प्रवृत्तिबाट ग्रसित भई संसदमा नै कुर्ची तोडातोड र घसारेर निकाल भन्ने जस्ता अमर्यादित शब्दहरूको समेत प्रयोगका रमिता र चटक देखाउन थाले । यस्तो समसामयिक विषयलाई पनि मुक्तकमा उठान गरिएको हुँदा यहाँ उल्लेख गर्नु सान्दर्भिक रहन आउँछ :

रमिता हेर्न आउनुहोला, खटपट हेर्न आउनुहोला
लड्ने र भिड्नेहरूको जमघट हेर्न आउनुहोला
मेरो गोरूको बाह्रै टक्का मञ्चनका तयारी हुँदैछ
संसदमा सांसदहरूको चटक हेर्न आउनुहोला । (पृ.३)

नेपाली जनताले संसद चुनेर राष्ट्रको अहम् जिम्मेवारी प्रदान गरेका छन् तर संसदहरूको गरेको राजनैतिक, सामाजिक, सांस्कृतिक र अर्थिक व्यवहारले आमजनतालाई दुखित तुल्याएको छ । आफ्नो मात्र विचार सर्वोपरि ठानेर आफ्नो नियम, कानुन, न्यायको पक्षलाई त्यागेर आफ्नो मात्र दुनो सोझ्याउने प्रवृत्तिले ग्रस्त संसद्हरूको चटक नेपाली जनताहरूले प्रत्यक्ष रूपमा थाहा पाएका छन् तर भोट दिएर पठाएको व्यक्तिलाई अर्को पटक भोटबाट नै च्युत गराउने पाँच वर्ष कुर्नुपर्ने देखिएको हुँदा नेपाली संसदको रमिता, खटपट, कुर्ची फलाफल, हानाहान र आफ्नो जुन कार्य पनि ठीक भन्ने चटक हेरेर बस्न बाध्य अहिलेको समसामयिक राजनैतिक विचारलाई मुक्तकमा सहज र आकर्षक रूपमा पस्किएको छ । यतिमात्र होइन विगतको दशकमा देशको बदलिँदो परिस्थितिमा पनि नेतागण नेपाली जनताप्रति उत्तरदायी नभएर भष्टाचार गर्न उद्धत रहेको यथार्थतालाई पनि मुक्तकमा स्थान दिएको छ । हामीले सुन्दै आएको विमान खरिदमा देखिएको घोटाला, नेताहरूलाई बचाउन उपल्लो नेताले गरेको ढाकछोपको बीचमा नेपाली जनताले भोग्नुपरेको महँगी निम्न वर्गीय जनताको लागि रूवाइ भित्र्याउनु हो र

संविधानको अस्थिरताले पनि देश निर्धारित नियम, कानुन अनुसार व्यवस्थित भएर चल्न पाएको छैन । यस्तो सन्दर्भलाई मुक्तकमा आकर्षक रूपमा प्रस्तुत गरिएको हुँदा यहाँ उल्लेखनीय रहेको छ :

यो देशलाई कहिले विमानले रूवायो
नेतानेताका तानातानले रूवायो
रूवाउनु रूवायो महंगीले रूवायो
बदलिरहने संविधानले रूवायो । (पृ.५२)

नेपाली जनता कहिले संविधान बन्ला र देशले निकाश पाउला भन्ने आशा र भरोशामा बसिरहेका थिए तर नेपाली जनताको यो इच्छा र आकांक्षा नेताहरूका गतिविधिले कहिल्यै पुरा हुन सक्ला भन्ने विश्वास हराएर गएको र नेपाली जनताले सम्भावनाका ढोकाहरू बन्द भएको महसुस गरेको वर्तमान परिस्थितिको उजागर यहाँ सफल रूपमा भएको छ । नेपाली जनताहरूले सुखको अनुभूति त्यतिबेला मात्र गर्ने छन् जतिबेला नेताहरू आफ्नो व्यक्तिगत स्वार्थ त्यागरेर तानातान नगरी राष्ट्रिय स्वार्थलाई मात्र देख्नेछन् । तर यहाँ त्यस किसिमका आदर्शवान, नैतिकवान् र राष्ट्रिय स्वार्थलाई सर्वोपरि ठान्ने नेताहरू नरहेको र हामीले राष्ट्रिय खेलाडीको रूपमा हेर्ने व्यक्ति अनाडीको रूपमा प्रस्तुत भएका देखिन्छन् । यस्तो सन्दर्भमा मुक्तकका निम्न पङ्क्तिहरू उल्लेखनीय रहेका छन् :

सत्तामा सधैं खेलाडीहरू मात्रै देखिन्छन्
जे जति देखिन्छन् अनाडीहरू मात्रै देखिन्छन्
आफ्नो हातले सिन्को भाँच्न सक्दै सक्दैनन्
खाली उपदेश दिने गफाडीहरू मात्र देखिन्छन् । (पृ. ७१)

सत्तामा साँढेको बिगबिगी रहेको छ भन्ने विचार यहाँ चरितार्थ भएको देख्न सकिन्छ । समकालीन परिवेशमा आफूले केही नजाने पनि आफूलाई सर्वज्ञ ठान्ने सत्ताधारी व्यक्तिहरूले देश बनाउने जिम्मा लिएका छन् तर आफूले देखाउने व्यवहार, कुटनैतिक सम्बन्ध, राजनैतिक परिस्थितिको ज्ञान, रणनैतिक कौशल नभएर जोकर बनेका छन् । यहाँ मुक्तकमा त्यस्ता व्यक्तिहरूलाई अनाडीको संज्ञा दिइएको छ । आफूले केही गर्न नसक्ने अर्थात मुक्तककारको शब्दमा सिन्को भाँच्न सक्दै नसक्नेले उपदेश मूलक गफमात्र बाँडेका छन् र नेपाली जनताको संवेदनामा चोट समेत पुऱ्याएका छन् । यस्तो यथार्थ विषयलाई मुक्तकमा व्यङ्ग्यात्मक घोचो लगाएर सत्ताधारीलाई सुध्रन आग्रहपूर्ण सङ्केत गरिएको छ ।

**(ग) प्रतिकारको स्वर र विद्रोहमा समसामयिकता**

साहित्यकार आफ्नो परिवेशबाट भागेर धर पाउन सक्दैन । साहित्यमा काल्पनिक परिवेशका जलपहरू केही मात्रमा भए पनि उसका आँखाले देखेको आकाश र धर्तिको सुन्दरतामा बाधा पुऱ्याउने संस्कार, प्रवृत्तिलाई कदापि स्वीकार गरेर मुख मोड्न सक्दैन । त्यसैले साहित्यकार साहित्यको लेखनमा विद्रोही भएर पनि देखा पर्दछ र उसका प्रतिकारका स्वरहरू आम जनताका तथा पीडित पक्षका आवाजका रूपमा रूपान्तरित भएका हुन्छन । मुक्तककार ढकालका मुक्तकहरू यस्ता विशेषताले पनि भरिएका छन् । यहाँ एक मुक्तक हेरौं :

बाहुला सुर्केर छाती देखाएर तर्साउन नखोज
चक्कु छुरी समाई माथि देखाएर तर्साउन नखोज
न सगरमाथा झुक्ला, न शीर झुक्ला कहिल्यै
चुल्ठेमुन्द्रे साथी देखाएर तर्साउन नखोज । (पृ. ५)

सोझासाझाका दिन गए भन्ने भन्ने बा, बाजेका भनाइ अहिलेको समाजमा हामी सहजै देख्न पाउँछौं । समाजमा निर्धालाई होच्याउने, सरल इमान्दार व्यक्तिलाई तर्साउने जस्ता गतिविधिले प्रत्साहन पाएको परिवेशमा सधैं एकैनास हुँदैन र कुनै व्यक्ति वा समुदाय त्यसको प्रतिकारको लागि पनि तयार भएर रहेको हुन्छ र रहनु पर्दछ भन्ने विचारलाई मुक्तककारले यहाँ ल्याउनको लागि सगरमाथा झुक्ला तर शीर झुक्दैन भन्ने गहन भनाइलाई

समाजमा रहेका अरूलाई तर्साउने, धम्काउने व्यक्तिहरूलाई चुल्ठेमुन्द्रेको संज्ञा दिएका छन् तथापि सबै चुल्ठो पारेको र मुन्द्रा लगाएको व्यक्ति खराब चरित्रको हुन्छ भन्ने उक्त मुक्तकको भाव पक्कै होइन भन्ने हामी पहिल्याउन सक्दछौँ । यसर्थ उक्त मुक्तकबाट होच्याउने प्रवृत्ति, धाकधक्कु र डर देखाउने प्रवृत्तिको प्रतिकार भाव सहज रूपमा अभिव्यक्त भएको पाइन्छ । मुक्तकमा प्रतिकारका स्वरहरू प्रस्तुत हुने क्रममा बढ्दो भ्रष्टाचारको विषयलाई पनि उठान गरिएको छ । नेपाली जनताले भ्रष्टाचारको अन्त्य, कानुनी राज्य प्रणली, सुशासनका लागि ल्याएको प्रजातन्त्रमा खाने पेटमात्र बढेको देखिएको छ र नेपाली जनताको समस्यालाई सबैले नजर अन्दाज गरेको समसामयिक परिवेशमा निम्न मुक्तक उल्लेखनीय रहेको छ :

आउनुहोस् पङ्क्ति बनाउनुहोस् ककसको अनुहार मिल्छ ?
छुट्याउनै पर्ने भो भ्रष्टाचारी ककसको निधार मिल्छ ?
कसैले लुकेर खाए, कसैले लुटेर खाए मेरो देश
खानेहरूको घैँटो ननापी भएन, ककसको आकार मिल्छ ? ( पृ १८)

साँचै पङ्क्ति बनाएर उभ्याउने हो भने सयमा पचास प्रतिशत व्यक्तिहरू भ्रष्टाचारको जालोमा उनिएर रहेका छन् । यो मुक्तकमा अत्यन्त मननीय विचार र समसामयिक साथै सान्दर्भिक विचारको रूपमा आएको छ । सरकारी कार्यालयदेखि व्यापार व्यवसाय गर्ने सामान्य व्यक्तिहरू भ्रष्टाचार कसरी गर्ने र कसरी गर्दछन् भन्ने विषयमा जानकार भइसकेका छन् । यहाँ भ्रष्टाचारको जालोले व्यक्तिलाई मात्र होइन राष्ट्रलाई पनि तहसनहस बनाएको छ । यसको संरक्षकका रूपमा माथिल्लो तहकै व्यक्तिहरू बनिरहेको अहिलेको परिप्रेक्षमा देशलाई जोगाउन लुकेर खाने, लुटेर खाने भ्रष्टाचारीहरूको घैँटो नाप्नु पर्ने र त्यो सम्पूर्ण नेपाली जनतालाई जानकारी होस् भन्नेतर्फ संकेत गर्दै प्रतिकार स्वरूप त्यस्ता व्यक्तिहरूलाई नङ्ग्याउनु पर्ने भाव यहाँ व्यक्त गरिएको छ ।

मुक्तकमा प्रतिकारको स्वरलाई विद्रोहमा रूपान्तरण गरेर देश र जनताप्रति उत्तरदायी हुन आग्रह गरिएका समसामयिक विषयले पनि स्थान दिइएको छ । मुक्तकमा तरबार सधैँ बलियो नहुने र यदि कलम बलियो भयो भने तरबारको औचित्य नरहने हुँदा त्यसको प्रतिस्थापित सत्यमा झुपडीको ढुङ्गाले दरबार पनि ढल्न सक्ने भएकाले जनतालाई तिरस्कार गरिएमा सरकार पनि ढल्न सक्ने राजनैतिक यथार्थताको बोध पनि गराउने जमर्को पनि गरिएको छ । यही यथार्थताको साँधमा छिमेकी मुलुकहरूले सिमा स्तम्भ सारेर सधैँ होच्याइ रहेको अवस्थामा प्रतिकार र विद्रोहको मानसिकता नेपाली जनतामा हुनु स्वभाविक भएकाले त्यस मानसिकताको उपजले पनि यहाँ स्थान पाएको छ । यस सन्दर्भमा निम्न पङ्क्तिहरू सान्दर्भिक रहेका छन् :

सिमानामाथि मनपरि कति सहनू ?
उखेलिन्छन् किल्ला घरीघरी कति सहनू ?
ए सरकार, एक एक थान हथियार उपहार दे
सधैँ सधैँको दादागिरी कति सहनू ? (पृ.५०)

समान मैत्रिपूर्ण राजनैतिक सम्बन्ध र परराष्ट्रनीतिका हामी पक्षपाती हौँ । सानो मुलुक भएपनि हामी अझसम्म कसैको अगाडि झुक्नु नपरेको सन्दर्भ इतिहासको पानामा कोरिएको छ । विशाल छाती, र खुला हृदयका धनी हामी नेपालीले वीर गोरखालीको पगरी पनि गुँथेका छौँ । समसामयिक गतिविधिलाई प्रत्यक्ष रूपमा नियालिरहेका हामी सम्पूर्ण नेपालीले विदेशी चलखेल र सिमाना मिचिएको विषयलाई प्रत्यक्ष रूपमा देखिरहेका छौँ र हृदयले महसुस गरिरहेको छ । यो महसुसले सधैँ विद्रोहको झिल्कालाई ज्वालामा रूपान्तरित हुन प्रोत्साहित गरिरहेकै हुन्छ यही मानसिकताको यथार्थतामा मुक्तकमा सिमानामा मनपरि गरेर घरीघरी किल्ला सार्नेलाई निमिट्यान्न पार्न अब हतियार उठाउन परे उठाउन नेपाली जनता तम्तयार रहेका र अब सधैँको दादागिरी बन्द गरिदिने उपाय विद्रोह र प्रतिकार नै हो भन्ने भाव परिष्कृत रूपमा आएको छ । यसर्थमा ढकालजीका मुक्तक समकालीन समयका साक्षी हुन् भन्ने रमेश पौडेलको भनाइमा सत्यता देखिन्छ ।

मुक्तकमा प्रतिकारको स्वरलाई स्थान दिने क्रममा देशद्रोहीलाई जलाइदिने जिम्मेवारी आफूलाई दिन पनि आग्रह गरेको छ । त्यसको लागि मुक्तककार कलात्मक रूपमा प्रस्तुत हुँदै आफूसँग सलाइ नभएको र कसैले सलाई दिएमा जलाई दिने अठोट गर्दै आफूले बोलेको कुरा नगरे आफैलाई जलाई दिन गरेको आग्रहले देश प्रतिको माया, प्रेम र लागावलाई संकेत गरेको छ । एकातिर देशद्रोहीहरूले देशको स्वभिमान, स्वतन्त्रता, अस्तित्वमा नै आघात पुऱ्याउने कार्य गरिरहेका छन् भने अर्को तर्फ छिमेकी राष्ट्रहरूले पनि नेपाल र नेपालीको स्वाभिमानमा खेलवाड गर्ने प्रयत्न गरिरहेका छन् । यस्तो विषय सन्दर्भ पनि मुक्तकमा आएको हुँदा यहाँ उल्लेख गर्नु सान्दर्भिक रहेको छ :

सागर जस्तै शान्त रहन पनि सकिएन
हावाजस्तै चुपचाप वहन पनि सकिएन
स्वाभिमानमा जब खेलवाड मात्रै गरियो
सधैँसधैँ बुद्ध बनी सहन पनि सकिएन । ( पृ. ७०)

माथिका पङ्क्तिहरूमा नेपालीको स्वाभिमानमा खेलवाड गरिएमा सधैँ बुद्ध जस्तै बनेर सहन नसकिने र विद्रोह गर्न तयार हुने विचार सिर्जनगत परिष्कारको सफल उदाहरण बनेको छ । यस विचारलाई प्रभावकारी बनाउन सागर जस्तो शान्त रहेर पनि नसकेको अर्थात सागर उर्लिएमा संसार डुब्नेछ भन्ने संकेत र हावा जस्तै चुपचाप वहन पनि नसकेको अर्थात हावा आँधीहुरीमा रूपान्तरित भएमा सबै तहसनहस पार्ने आशयलाई एकाकार गरेर विचारको पुञ्ज निर्माण गरिएको छ । यो विचार स्वाभिमानी नेपालीको पक्षमा गरिने विद्रोह र प्रतिकारको हो ।

**(घ) जीवन र यथार्थमा समसामयिकता**

साहित्यकार आफूले भोगेको जीवनजगत्को यथार्थबाट निस्केर काल्पनिक संसारमा मात्र रमाउन सक्दैन र पाठकले पनि काल्पनिकताको अतिसय प्रयोगमा आनन्द लिने तथा अतिरञ्जनालाई त्यति महत्व दिएको हुँदैन् । यस अर्थमा साहित्यकारले भोगेको जीवनका थथार्थ पक्षहरूलाई पनि कलमले सार्थक र आकर्षक तुल्याउने गर्दछ । जीन्दगीका मोडहरूमा आउने अनेक यामहरू र त्यसका उतार चढावहरू पनि समकालीन लेखनका विषयहरू हुन् । ढकालका मुक्तकमा पनि जीवनका यथार्थतामा समसामयिक विषयले स्थान पाएका छन् । यसै सन्दर्भमा निम्न मुक्तक उल्लेखनीय रहेको छ :

निकास खुल्दैमा विकास नहुने बुझियो
छाती जत्रो ठूलो आकाश नहुने रहेछ बुझियो
आफ्नाहरूले नै रहेछ कुम ठोकीठोकी हिड्ने
आफन्तको सम्बन्धमा मिठास नहुने रहेछ बुझियो । (पृ.२०)

मुक्तककार देशको अवस्थाबाट वाकिब रहेका छन् र सामाजिक परिस्थितिबाट पनि । देशको परिस्थितिमा सृजित यथार्थतामा जीवनको पारिवरिक सम्बन्धका छिटाहरू पनि समाहित भएका हुन्छन् । जसरी देशको निकास खुल्दैमा विकास भएको देखिदैन त्यसरी नै पारीवारिक जीवनमा मानिस बोली बचनले छाती ठूलो भएको अभिव्यक्ति दिए पनि वास्तविकतामा तथा व्यवहारिकतामा त्यो नदेखिने यथार्थ निकै अमिलो रहेको हुन्छ । आफूलाई कष्ट तथा दुःख परेको अवस्थामा बल्ल खाइस् भन्ने प्रवृत्ति वास्तविक जीवनमा देखिने र आफन्तले नै बढी इष्यालाई उपहासमा रूपान्तरित गरिरहेका हुन्छन् भन्ने जीवनको यथार्थताले यहाँ आकर्षणता प्रस्तुत गरेको छ ।

मानिस एकातिर सामाजिक प्राणी हो भने अर्को तर्फ उसमा रहेका इष्या, प्रेम, दया, माया, करूणा, रिस आदि जस्ता भावहरू पनि समाहित रहेका हुन्छन् । मानिस आफू बालकदेखि वृद्ध हुँखदाको आवस्था सम्ममा आफूले मै खाऊँ मैलाऊँ सुखसयलमा मै बाँचू भन्दै जीवनको अन्तिम सत्यलाई बिर्सेको हुन्छ । मुक्तककारले यहाँ

जीवनको अन्तिम सत्य के हो र मानिस कसरी जीवन व्यतित गरिरहेको छ भन्ने यथार्थको प्रस्तुति एकातिर गरेका छन् भने अर्कोतिर सचेतताको संकेत समेत गरेका छन् । यस सन्दर्भमा यहाँ निम्न मुक्तक सान्दर्भिक रहेको छ :

खोलाको पानी र जवानी उस्तै उस्तै
मुटुमा कोरिएको निशानी उस्तै उस्तै
हामी सबै पाहुना रहेछौँ यो धर्तीको
तिम्रो होस् वा मेरो कहानी उस्तै उस्तै । (पृ.२०)

मनुष्य आफू अमर हुन आफ्नो बलबुता लगाएर वैज्ञानिक अविश्कार गर्दछ, चमत्कारयुक्त प्रयासमा लाग्दछ तर जति प्रयास गरे पनि आफ्नो यौवन अवस्था कहिल्यै फर्काउन सक्दैन । यस अर्थमा विज्ञानले ईश्वरीय शक्तिलाई पराजय गर्न सकेको छैन र हामी यस संसारका पाहुना भएर आएको सत्य सावित भएको छ । त्यस्तै मुक्तककार मानवीय संवेदनाका पक्षहरूमा पनि संवेदनशील छन् र उनको विचारमा खोलाको पानी र जवानी जस्तै उस्तै हो र त्यसरी नै मुटुभित्र अमिट रूपमा दिइएको चोट पनि उस्तै हो भन्ने सन्दर्भलाई सादृष्यका रूपमा मानिस धर्तीको पाहुना भएको र सबैको बाटो एउटै भएको यथार्थलाई सबैले बुझ्नुपर्ने भावलाई समेटेका छन् । हुन त मुक्तककारले मानिसले सांसारिक यथार्थको बोध गरेको हुनु पर्ने विचारलाई प्रथमिकता दिएको सन्दर्भ एकातिर छ भने अर्कोतर्फ सांसारिक यथार्थ जीवनमा मानिस स्वार्थी भएको अभिव्यक्तिलाई पनि कौशलपूर्वक प्रस्तुत गरेका छन् । यसै सन्दर्भमा तलका शेरहरू उल्लेखनीय रहेका छन् :

सधैँ आफ्ना आफ्नै हुँदैनन् जानिराख्नुहोला
आफू रूँदा कोही रूँदैनन् जानिराख्नुहोला
मान्छेहरू यति धेरै स्वार्थी भैसके अचेल
पीडा दर्दमा कसैले छुँदैनन् जानिराख्नुहोला । (पृ. ६१)

मानिस जन्मन्छ र मर्छ त्यो सत्य हो । यस सत्यलाई बुझ्दाबुझ्दै पनि मानिसले आफ्नो स्वार्थको लागि आफ्नालाई पनि आफ्नो मानेको हुँदैन् । जन्म र मृत्युको बीचमा मानिसले जीवनयापन गर्दा सर्वप्रथम आफ्नो नातागोता, परिवारलाई सबैभन्दा नजिकको ठान्दछ अनि मित्रजन र व्यवहारमा आएका व्यक्तिहरूलाई । तथापि यो भिडको जिन्दगीमा आफूलाई दुःख पर्दाको अवस्थामा कोही साथ नहुने आजको यथार्थलाई नकार्न नसकिने र पीडामा मल्हम लगाउन कोही पनि नआउने अर्थात आजको मान्छे आफ्नो स्वार्थ भएमा मात्र आफ्नोलाई आफ्नो भन्ने अन्यथा आफ्नोलाई पनि पराइको व्यवहार गर्ने स्वार्थी प्रवृत्ति अपनाइरहेको र मानवीय भावनामा ह्रास आइरहेको सन्दर्भलाई गजलकारले यहाँ प्रस्तुत गरेर संसार बुझ्नुपर्ने भाव प्रस्तुत गरेका छन् । त्यस्तै मानिसको जीवनको उत्कृष्ट अवधि जवान भएको अवस्था हो र यो अवस्थामा मानिसहरूले राम्रो देख्नु, मन पराउनु, आफ्नै बनाएर राख्ने इच्छा प्रकट गर्नु जीवनको वास्तविकताबाट पर रहनु हो । बृद्ध अवस्थामा पनि टाढा तथा जवानी सकिसकेपछि तिरस्कारको भागिदार हुने परिस्थिति जीवनको यथार्थ पक्ष हो । यस सन्दर्भमा गजलकार लेख्दछन् :

आश हुँदो रहेछ आँखामा पानी हुँदासम्म
आफ्नै लाग्दो रहेछ हातको सिरानी हुँदासम्म
तिमीलाई फूल सम्झेर भमरा झुल्दा रहेछन्
पसल खुब चल्ने रहेछ जवानी हुँदासम्म । (पृ.६३)

मानिस आशाको खेती गरिरहेको छ र आशाको फल जति प्राप्त हुन्छ त्यसैमा सन्तुष्ट हुन्छ वा दुःखी पनि हुन्छ । सन्दर्भ यदि जीवनसाथीको आयो भने त्यो आफ्नो पनको आभाषसँगै बिताएका दिनहरूको हिसाबकिताबले निर्धारण गर्दछ । गजलकारले श्रृङ्गारिक भावमा हातको सिरानी भनेर आफ्नो मन, मुटु दिएको साथी तथा केही दिनको लागि भए पनि जवान अवस्थामा साथ दिने विपरित लिङ्गी साथीको कल्पना गरेका छन् । जीवनको उच्च र उत्कृष्ट क्षणमा भमरा डुल्ने तर पछि वा रूपको आकर्षण समाप्त भएपछि महत्त्व नदिने

प्रवृत्तिलाई जवानी हुँदा पसल चल्ने प्रतिकात्मक प्रयोगबाट काव्यिक आकर्षणता थपेका छन् । यो प्रस्तुति उनको आधुनिक युगमा देखिएको यथार्थ पक्षको चित्रण पनि हो । यसै सन्दर्भसँग मेल हुने उनको अर्को गजल अंश पनि सान्दर्भिक रहेको छ :

एकैनाश तन रहँदैन धन रहँदैन
जति थुनूँ आफूभित्र मन रहँदैन
थामेर थामिएन कहिल्यै समय पनि
जवानी बूढो बन्दछ बचपन रहँदैन । (पृ. ६५)

वास्तवमा तन र धन एकैनाश रहनू र यसलाई कसैले छेकेर छेक्न नसक्ने यथार्थ आफैमा सत्य हो । त्यसैले बचपन नरहने र युवा अवस्था पनि नरहने तथा बढ्यौलीले अवस्य छुने छ भन्ने आशय मृत्युको सत्यपनलाई कसैले पनि बिर्सन नहुने देखिन्छ । यही जीवनको यथार्थ पक्षलाई बुझेर क्रियाकलाप गर्नु पर्ने विचार मुक्तककारको रहेको यहाँ प्रष्ट हुन आएको छ । त्यसैले मानिसले उमेर बढ्दै गएमा ख्याल गर्नु पर्ने र जीवनमा आफूले पछुताउनु पर्ने अवस्था नआओस् समेत मुक्तककारको अभिव्यक्ति समय सान्दर्भिक रहेको छ । जसलाई तलको मुक्तक अंशबाट मुक्तककार भन्दछन् :

उमेर चढ्दै जान थालेपछि ख्याल गर्नुहोला
रोग बढ्दै जान थालेपछि ख्याल गर्नुहोला
पछुतो हुनेछ केही गर्न सकिएन जीवनमा भने
बिस्तरामा पर्दै जान थालेपछि ख्याल गर्नुहोला । (पृ. ७३)

समयले पर्खदैन, बगेको खोला फर्कदैन भन्ने अभिव्यक्तिको आशय ढकालका उपर्युक्त अंशहरू सान्दर्भिक रहेका छन् । व्यक्तिको जीवनको यथार्थ पक्ष भनेको चालीस नाघिसकेपछिको रोगव्याधीले प्रवेश पाउने र दुःख दिने अवस्था हो । वास्तवमा जवान अवस्थामा आफ्नो जीउको विचार नगरी जे पायो, त्यही खाए पनि पच्ने र जहाँ सुते पनि मस्त निन्द्रा आउने दिन हो तर पछिको अवस्था भनेको चिसो पानी पिउँदा पनि हाच्छिउँ आउने, आँखामा चस्मा लगाउनु पर्ने र सबै कुरा खाएमा जीउलाई बिसन्चो लाग्ने समय हो, त्यसैले मुक्तककारका भनाइ उमेर चढ्दै गर्दाको समयमा ख्याल गर्नु पर्ने र रोग लागेपछि त झन् विशेष विचार पुर्‍याउनु पर्ने अभिव्यक्ति समसामयिक विषयमा सान्दर्भिक भएर आएको छ । त्यस्तै मानिसले आफ्नो जीउ, घरपरिवार, आफन्त नभनी दिनरात कमाउनकै ध्याउन्नमा लागेको र मतलबी समाज बन्ने अवस्थामा पुगेको समसामयिक विषयलाई पनि उठान गरेर स्वार्थ त्यागको सङ्केत पनि दिएका छन् । यस सन्दर्भमा उनको निम्न मुक्तकको अंश सान्दर्भिक हुन आउँछ :

रगत पसिना माटोमा खन्याउँदै छ मान्छे
दिन रात नभनेर कमाउँदै छ मान्छे
कसैले कसैको मतलब गर्नै छाडे अचेल
आआफ्नै दुनियाँमा रमाउँदै छ मान्छे । (७७)

राष्ट्रले आर्थिक वृद्धिको आधार उद्योग, व्यवसाय, व्यापार, पर्यटन, कृषि आदिलाई प्रथमिकता दिएको छ तर यही देशमा बसेर अलिअलि पैसा कमाउने व्यक्ति होस् वा विदेशमा श्रम गरेर दिनरात दुःख गरेर पैसा कमाउने व्यक्ति होस्, उसले जग्गा जमिन मात्र किनिरहेको छ । यो वास्तवमा राष्ट्रलाई अग्रगतिमा लैजाने कार्य होइन । त्यसै गरी आआफ्नै मात्र स्वार्थी विचारलाई बोकेर मानिस एक्लो बन्न लागेको र आफ्नै दुनियामा रमाउँदै हराउन लागेको पनि छ भन्ने समसामयिक यथार्थलाई ढकालले कलात्मक तवरले पस्कन सफल रहेका छन् ।

**(ङ) स्वधीनता र स्वतन्त्रतामा समसामयिकता**

स्वधीनता र स्वतन्त्रता सबैलाई प्यारो हुन्छ । व्यक्तिगत रूपमा भन्दा राष्ट्रिय सवालमा स्वतन्त्रताको महत्त्व अझ सर्वपरि हुन्छ । नेपाल र नेपालीहरूले पनि स्वधीनताका लागि धेरै सङ्घर्षहरू गर्दै आएका छन् । विश्वको इतिहासमा पनि वीर गोर्खाली भनेर पहिचान कायम रहेको छ र राज्य पनि कुनै देशको पनि अधीनमा नरहेको एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रूपमा रहेको छ । पुर्खौले गरेको बलिदान र उनीहरूको सहासका कारण आज पनि उनीहरूको रगतले नेपाली जनलाई पराधीनता स्वीकार गर्न रोक लगाइरहेको छ । समकालीन नेपालको इतिहासमा पनि नेपाली जनताले कुनैपनि दमन, शोषण र अन्याय नसहेको साथै त्यसको प्रतिकार गरी शासनसत्ता नै परिवर्तन गरेको यथार्थ वि.सं. २०४७, २०६२/२०६३ को आन्दोलनबाट पनि हामीलाई ज्ञात भएकै छ । यस सन्दर्भमा गजलका निम्न अंशहरूलाई हेर्न सकिन्छ :

धर्ती बिछ्याई आकाश ओढेको ज्यान हो मेरो
सङ्घर्षमा सयौँ छाक छाडेको ज्यान हो मेरो
न झुकियो कहिल्यै, न स्विकारियो पराधीता नै
स्वतन्त्रताको लागि बन्धन तोडेको ज्यान हो मेरो । ( पृ. ४३)

वास्तवमा नेपालीजन कयौँ दिन भोकै बस्न सक्दछ र पिडा पनि सहन सक्दछ तर आफ्नो स्वधीनता र स्वतन्त्रतामा आँच आएको खण्डमा त्यसको प्रतिकारमा तुरून्त उत्रन्छ भन्ने विचारलाई गजलकारले नेपाली कहित्यै नझुकेको र पराधीनता स्वीकार पनि कहिल्यै नगरेको विषयबाट प्रष्ट पार्ने कार्य गरेका छन् । त्यस्तै सीमानाको विषयमा पनि प्रश्न उठाएर जन्मभूमिप्रतिको मायालाई पनि समसामयिकताकै परिप्रेक्षमा प्रस्तुत गजलकार ढकालले यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । जुन निम्न अंशलाई अध्ययन गर्न सकिन्छ :

सीमा रक्षाको लागि यस्तो करार लिएर आउनुहोला
जन्मभूमिप्रतिको थोरै भएनि प्यार लिएर आउनुहोला
हेप्नेहरूले काट्न सक्छन् र काटिन पनि सक्छन्
एउटा हातमा कलेजो अर्को हातमा हतियार लिएर आउनुहोला । (पृ. १९)

पृथ्वीनारायण शाहको भनाइमा नेपाल “दुई ढुङ्गा बिचको तरूल” हो । शाहले दुई ठुला राष्ट्रहरूको दबदबालाई कसरी व्यवस्थित गर्नु पर्दछ भन्ने सन्देश पहिलेनै छाडेका हुन् । यो सानो मुलुकमा आँखा गाडेर सीमाना मिचिरहेका वर्तमान परिस्थिति रहेको छ । लिपुलेक र लिम्पियाधुरा जस्ता प्रत्यक्ष देखिने ठुलो भूभागलाई त प्रत्यक्ष थाहा पाउने विषय हुन आउँछ तर सिमानामा थाहानै नपाइने पिलरहरू सारेर कैयौ जमिन आफूतर्फ परिएको र नेपाली जनताले त्यसको विरोध गरेको पनि वर्तमान अवस्था रहेको छ । त्यसैले सीमा रक्षाका लागि प्यार र करार लिएर आउन मुक्तककारले अनुरोध गरेका छन र यस्तो परिस्थितिमा हेप्नेहरूसँग प्रतिकार गर्न हिम्मत र हातमा हतियार पनि लिएर आउनु पर्ने क्रान्तिकारी विचार पनि प्रस्तुत गरेका छन् । त्यस्तै यस्तो समसामयिक विषयलाई समेट्दै मुक्तककार ढकालले सरकार र पत्रकारको पनि भूमिका नदेखिएको बताएका छन् । यस्तो अभिव्यक्तिका लागि मुक्तकको निम्न अंश सान्दर्भिक देखिन्छ :

देशको सीमा मिचिँदैछ सरकारहरू कहाँ गए ?
मुकदर्शक छ अखबार पत्रकारहरू कहाँ गए ?
वीरताले कोरिएको इतिहासले धिकार्दै छ
गोखार्ली सान कहाँ गयो, हतियारहरू कहाँ गए ? (पृ. ६४)

वास्तवमा सिमानामा बस्ने नेपालीहरूले सिमाना संरक्षण गर्ने प्रयास गरेका छन् तर पनि प्रभावकारी रूपमा त्यसको प्रतिकार हुन सकेको छैन र रातारात सिमानाका पिलरहरू सारेर नेपाली भूभागलाई कब्जा गरिरहेको वर्तमान अवस्था रहेको छ । यस्तो अवस्थामा सरकार मुकदर्शक बन्ने र पत्रकारले पनि आफ्नो स्वार्थमा

मात्र कलम चलाउने प्रवृत्तिले गर्दा सिमा मिचिने क्रम रोकिएको छैन् । यस्तो अवस्थामा वीरताले कोरिएको इतिहासलाई सम्झेर त्यसको प्रतिकार गर्नुपर्ने विचार मुक्तककार ढकालको रहेको छ । यसमा गोर्खाली सान कहाँ गयो, हतियारहरू कहाँ गए भन्ने अभिव्यक्ति समेत प्रस्तुत गरेर ढकालले यस्ता मिचाहा प्रवृत्तिको विरूद्धमा हतियार सहितको लडाइँ लड्न पनि तयार हुनु पर्ने सङ्केत दिएका छन् । त्यस्तै सिमा बचाउन गाह्रो भएको वर्तमान अवस्थामा गोर्खालीको महिमालाई पनि कायम गर्न कठिन भएको अभिव्यक्ति मुक्तकमा प्रस्तुत भएको छ । जुन निम्न मुक्तकबाट हेर्न सकिन्छ :

हामीलाई हाम्रो गरिमा बचाउन गाह्रो हुनेभयो
किल्ला सर्न थाले सीमा बचाउन गाह्रो हुनेभयो
इतिहास कसरी बच्ला खै देशै नबचे पछि ?
वीर गोर्खालीको महिमा बचाउन गाह्रो हुनेभयो । (पृ. ५८)

कवि माधवप्रसाद घिमिरेले “नेपाल हामी रहौँला कहाँ नेपालै नरहे” भनेर नेपाली पहिचान र अस्तित्वका लागि सर्वपरि राष्ट्र रहेको अभिव्यक्ति दिएका छन् । त्यस्तै यस मुक्तकमा पनि सबैभन्दा पहिला नेपाल देशको अस्तित्व भएमा मात्र हामी नेपालीको अस्तित्व र पहिचान हुने भएकाले किल्ला सार्न थालेको वर्तनमान अवस्थामा प्रतिकार नगरेमा वीर गोर्खालीको महिमा नबच्ने र देश पनि नरहने पूर्व सङ्केत मुक्तककारले दिएका छन् । त्यसैले समसामयिक विषयको केन्द्रमा नेपाल र नेपालीको इतिहास बचाउन पनि सिमानाको रक्षा गर्नु पर्ने भाव यसमा प्रस्तुत भएको पाइन्छ । यो भाव पनि राष्ट्रको स्वधीनता र स्वतन्त्रताको समकालीन सन्दर्भ हो । त्यस्तै मुक्तककारले अझसम्म हामीले नेपालीपन र पहिचानलाई कायम राखिरहेका छौँ र त्यसलाई विचलित बनाउन हुन्न भन्ने भाव पनि मुक्तकमा प्रस्तुत गरेका छन् । जुन निम्न मुक्तकमा हेर्न सकिन्छ :

हामी हाम्रो शान बोकेर हिँडेका छौँ
जहाँ जान्छौँ पहिचान बोकेर हिँडेका छौँ
शीर नझुकाउनु हामीले सिकेको यत्ति हो
श्रद्धाले पुर्खाको योगदान बोकेर हिँडेका छौँ । (पृ. ८४)

नेपाली वीरले आफ्नो रगतले लेखेको इतिहास आफैमा गौरवको विषय बनेको छ । नेपालीको गौरवगाथाले विश्वमा आफ्नो अलग पहिचानको सिर्जना गगरेको छ । पुर्खाको सहास, समर्पण तथा त्यागबाट नै नेपालीपनको गौरव अझसम्म कायम रहेको छ । हामीले पुर्खाको योगदानको कदर गर्दै श्रद्धा गरेका छौँ र त्यो श्रद्धा शीर नझुकाउनुसँग पनि सम्बद्ध भएको छ । अर्थात समसामयिक परिस्थितिमा पनि हामी नेपाली विश्व सामु शीर नझुकाई बाँचिरहेको यथार्थलाई सार्थक गर्नु पर्ने मुक्तककारको आशय उक्त पङ्तिहरूमा रहेको देखिन्छ । समग्रमा ढकालका अधिकांश मुक्तकहरूमा नारीसंवेदना, पीडा, जातीय विभेदका विरूद्धमा छटपटी र सीमाना अतिक्रमणका विरूद्धमा आक्रोश र समताको पक्षमा वकालत रहेको (थापा, २०७९) विषय समसामयिकतासँग सम्बद्ध छ साथै नेपाल र नेपालीको पहिचान पुर्खाको योगदानमा पनि निहित रहेको अभिव्यक्तिले पनि समसामयिकतालाई समेटेको छ ।

**७. निष्कर्ष**

ढकालका मुक्तकहरू समसामयिक सन्दर्भमा वृहत् क्षेत्रलाई समेटन सफल रहेका छन् । सामाजिक विसङ्गति र विकृति, आधुनिकताको विषय र वास्तविक जीवनको यथार्थता, राज्यव्यस्थाले गर्दा मानवीय जीवनमा परेको असर र मानसिक तनावको अवस्था, वैदेशिक हस्तक्षेपका कारण देशमा परेको असर, मानव र मानवीयताका सवालहरू पनि समसामयिक सन्दर्भसँग गाँसिएका छन् । उनका मुक्तकहरू बिम्ब र प्रतीकका आधारमा वजनदार हुनुका साथै समसामयिक विषयलाई उठान गरेर सम्बन्धित पक्षलाई चोटिलो प्रहार गरेर सर्तक गराउन सक्षम रहेका छन् । उनी देशप्रेमबाट बाहिर मन डुलाउन सकेका छैनन् । एकातिर भारत र अर्कोतिर चीनको बीचमा

अवस्थित नेपालको राजनैतिक परिस्थितिले चेपिएर पनि मैत्रिपूर्ण सम्बन्धको विकासमा आदर सत्कार गरिरहँदाको अवस्थामा सीमा अतिक्रमणको समसामयिक विषयले यहाँ महत्त्व पाएको छ। यस्तो ठूला देशहरूले सानो देशलाई समानताको आधारमा हेर्नुको साट्टा वर्तमान् हेपाहा प्रवृत्तिको पराकाष्टाको अतिसय पीडालाई मुक्तकमा विद्रोहात्मक तवरबाट आक्रमक रूपमा प्रस्तुत गरिएको छ । वर्तमानमा बढ्दै गरेको भ्रष्टाचार र युवा पुस्ता विदेशिनु परेको परिस्थितिको जिम्मेवार सरकार रहेको हुनाले कुशल शासक हुनुपर्ने भावले मुक्तक आक्रोशित रूपमा देखिएका छन् । समग्रमा जीवनका तितामिठा अनुभूति, जीवनको वास्तविक मूल्य, लोभीस्वार्थी दुनियाँको जालझेल, युवाहरूको अवस्था, नारी संवेदना, प्राकृतिक सम्पदा संरक्षणका पक्ष, असल शासन र कुशल नेतृत्वको चाहना, स्वदेशप्रतिको प्रेम, रोजगारी र विदेशिनुको पीडा आदि जस्ता समसामयिक विषयहरूले ढकालका मुक्तकमा स्थान पाएका छन् । यस्ता समसामयिक विषयतर्फ बढी केन्द्रित रहेका उनका मुक्तकमा खारिएको, परिस्कृत तर सरल सहज अभिव्यक्ति छ र यही आधारमा उनका मुक्तक समसामयिकताको दृष्टिले एक उत्कृष्ट नमूना बनेको छ ।

**सन्दर्भसामग्री**

उप्रेती, गङ्गाप्रसाद र अन्य (सम्पा.२०७५). *प्रज्ञा नेपाली शब्दकोश.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, देविप्रसाद (२०५९). 'समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू'. प्रलेस (७/१३), पृ.७९-१०९ ।

थापा, 'निश्चल' वेगम (२०७९). सिमानामा फन्को मार्दा, *नेपाल फ्ल्यास.* : https://nepalflash.com/news/literature/2020/11/18489/61925 Seen 2079.10.26, 10.48, AM.

नेपाल, देवीप्रसाद (२०७९ पुष २५). 'मुक्तक के हो र कसरी लेखिन्छ ?' *होराईजन खबर.* https://horizonkhabar.com/news/art-literature/ Seen 2079.10.24, 4.52, PM.

पराजुली, मुरारी (२०७१). मुक्तक : परिचय, परम्परा र प्रवृत्ति. *साहित्य संसार.* https://www.sahityasansar.com/?p=4292 Seen 2079.10.24, 2.14, PM.

वाग्ले, महेन्द्र (२०७८, पुष २४ ). 'मुक्तकमार्फत् राजनीतिक व्यवस्था र साँढे प्रवृत्तिको भण्डाफोर'. *नेपाल समय.* https://nepalsamaya.com/book/2022-01-07-173347 Seen 2079.10.24, 9.34, PM.

शर्मा, बिन्दु (२०७५). *समसामयिक प्रगतिवादी नेपाली कथा.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०३८). 'समसामयिक नेपाली मुक्तक : पहिचानका केही बुँदाहरू'. *मधुपर्क* (१/६-७) ।